मिति २०८३/०६/०५ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

प्रस्तावहरू

प्रस्ताव नं.	प्रस्तावको संक्षिप्त विषय	सम्बन्धित शाखा
१.	अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा।	प्रशासन
२.	स्वास्थ्य कर्मचारीहरूको ज्ञापन पत्र सम्बन्धमा।	जनस्वास्थ्य
३.	विभागीय कारवाही सम्बन्धमा।	प्रशासन
४.	नदीजन्य पदार्थ संकलन तथा निकासी सम्बन्धमा।	राजस्व/पूर्वाधार
५.	मापदण्ड स्वीकृत गर्ने सम्बन्धमा	प्रशासन
६.	साझेदारी एवं समन्वय सम्बन्धमा।	पोषण/बालबालिका
७.	सामी परियोजनाको रिटर्नी स्वयंसेवक सम्बन्धमा।	सामाजिक विकास
८.	बहुक्षेत्रीय पोषणको कार्यक्रमको वडा छनौट सम्बन्धमा।	बहुक्षेत्रीय पोषण
९.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रको सम्वन्धमा।	प्रशासन
१०.	विविध।	लेखा/

निर्णयहरू

निर्णय नं.१

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको गाउँ कार्यपालिकाको अघिल्ला बैठकका निर्णयहरू समीक्षा गरियो।

निर्णय नं.२

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिका मातहतको स्वास्थ्य संस्थाहरूमा कार्यरत २९ जना स्थायी कर्मचारीहरूले सहीछाप गरी मिति २०८३/०५/३० गते अध्यक्ष समक्ष पेश गरेको १३ बुँदे माग भएको ज्ञापनपत्र आजको कार्यपालिका बैठकमा वाचन गरी सुनाइयो। यस क्षेत्रको प्रतिनिधि सभाका सदस्य मा. धनेन्द्र कार्कीले यस गाउँपालिकालाई प.सं.२०८३/८४, च.नं. ४१, मिति २०८३/०६/०२ गते लेखिएको ५ बुँदे पत्र समेत वाचन गरी सुनाइयो।

विद्यमान समसामयिक समस्या र निराकरणका उपाय बारे सबै कार्यपालिका सदस्यज्यूहरूले पालैपालो आ-आफ्नो धारणा प्रस्तुत गर्नुभयो। प्रस्तुत सन्दर्भमा यथार्थ तथ्य पत्ता लगाउन आम जन गुनासो एवं पालिकास्थित सबै राजनीतिक दलको चासो समेतलाई मनन् गरी गाउँपालिका मातहतको सबै स्वास्थ्य संस्थाहरूको औषधिको माग, आपूर्ति एवं गुणस्तरको अनुगमन गरी १५ (पन्ध्र) दिनभित्र प्रतिवेदन गर्न देहाय बमोजिम सर्वदलीय/सर्वपक्षीय समिति गठन गर्ने निर्णय सर्वसहमतबाट गरियो।

देहाय

(क) गाउँपालिका उपाध्यक्ष - संयोजक

(ख) राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलको १/१ जना प्रतिनिधि -सदस्य (प्रतिनिधि परिवर्तन नहुने गरी)

(ग) सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य

(घ) डा.गौरव श्रेष्ठ, मे.अ., आठौं - सदस्य सचिव

CamScanner

साथै, जिल्लास्थित जनस्वास्थ्य कार्यालयका अधिकृत प्रतिनिधिलाई समितिको सदस्यमा आमन्त्रण गर्ने निर्णय गरियो। समितिलाई आवश्यक सवारी साधन र समितिको सदस्यलाई दैनिक रु.१,०००/- (एक हजार) भत्ता उपलब्ध गराउने समेत निर्णय गरियो।

निर्णय नं.३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा देहाय बमोजिमका कर्मचारीहरूले बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ अनुसार देहाय बमोजिम पदीय आचरण विपरीत कार्य गरेको पाइएकोले सफाइ माग गरी विभागीय कारवाहीको प्रक्रिया गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय सर्वसहमतबाट गरियो।

देहाय

सि.नं.	कर्मचारीको नाम थर	पद, तह	कार्यरत संस्था	आरोप/कसूर
१.	मदन विक्रम दाहाल	सि.अ.हे.व., छैठौं	प्रा.स्वा.के., बेलघारी	ऐनको दफा १०३
२.	इन्द्र बहादुर दुलाल	ज.स्वा.नि., छैठौं	स्वा.चौ., बाहुनतिल्पुङ्ग	ऐनको दफा १०३
३.	विजय कुमार राउत	ज.स्वा.नि., छैठौं	प्रा.स्वा.के.,लाम्पनटार	ऐनको दफा १०३
४.	सावित्रा कुमारी दाहाल	सि.अ.न.मी., छैठौं	प्रा.स्वा.के., बेलघारी	ऐनको दफा १०३
५.	मोहन बहादुर दाहाल	सि.अ.हे.व., छैठौं	प्रा.स्वा.के., बेलघारी	ऐनको दफा १०३
६.	गंगा बहादुर बुढाथोकी	ज.स्वा.नि., छैठौं	स्वा.चौ., बालाजोर	ऐनको दफा ९७, ९८ र १०३
७.	नन्दराज अधिकारी	सि.अ.हे.व., छैठौं	स्वा.चौ., जरायोटार	ऐनको दफा १०३
८.	खगेन्द्र पुलामी	सि.अ.हे.व., छैठौं	स्वा.चौ., तोश्रामखोला	ऐनको दफा ९७ र १०३
९.	विमला कार्की	सि.अ.न.मी., पाँचौं	प्रा.स्वा.के.,लाम्पनटार	ऐनको दफा १०३
१०.	कमला देवी कोइराला	सि.अ.न.मी., पाँचौं	आ.स्वा.से.के.,भिमस्थान	ऐनको दफा १०३
११.	मोहन बहादुर बैजु	सि.अ.हे.व., पाँचौं	प्रा.स्वा.के., बेलघारी	ऐनको दफा ९७ र १०३
१२.	रुद्री कुमारी किङ्वरिङ्ग	सि.अ.न.मी.,पाँचौं	सा.स्वा.इ., बतासे	ऐनको दफा ९७ र १०३
१३.	काजी विक्रम थापा	सि.अ.हे.व., पाँचौं	स्वा.चौ., भिमस्थान	ऐनको दफा ९७ र १०३
१४.	नमिता श्रेष्ठ	सि.अ.न.मी.,पाँचौं	स्वा.चौ., तोश्रामखोला	ऐनको दफा १०३
१५.	बबी पुलामी	सि.अ.न.मी.,पाँचौं	स्वा.चौ., बालाजोर	ऐनको दफा ९७, ९८ र १०३
१६.	बिना रमौली	सि.अ.न.मी.,पाँचौं	सा.स्वा.इ.,जोगे	ऐनको दफा ९७ र १०३
१७.	मुना कुमारी पूर्वछाने	सि.अ.न.मी.,पाँचौं	स्वा.चौ., जरायोटार	ऐनको दफा १०३
१८.	सहंसा कुमारी लामा	सि.अ.न.मी.,पाँचौं	प्रा.स्वा.के., बेलघारी	ऐनको दफा १०३
१९.	विद्या कोइराला	सि.अ.हे.व.,पाँचौं	प्रा.स्वा.के., बेलघारी	ऐनको दफा १०३
२०.	उषा कुमारी मगर	सि.अ.न.मी. पाँचौं	प्रा.स्वा.के., लाम्पनटार	ऐनको दफा ९७ र १०३
२१.	सुमन पहाडी	सि.अ.हे.व., पाँचौं	सा.स्वा.इ., महभिर	ऐनको दफा ९७ र १०३
२२.	प्रमोद कुमार कुमर	सि.अ.हे.व., पाँचौं	स्वा.चौ., बाहुनतिल्पुङ्ग	ऐनको दफा ९७ र १०३
२३.	रुवी गौतम	सि.अ.हे.व., पाँचौं	आ.स्वा.से.के., भिमस्थान	ऐनको दफा ९७ र १०३
२४.	विष्णु बहादुर खत्री	सि.अ.हे.व., पाँचौं	सा.स्वा.इ., छविसे	ऐनको दफा ९७ र १०३
२५.	अन्जु आले	सि.अ.हे.व., पाँचौं	प्रा.स्वा.के.,लाम्पनटार	ऐनको दफा १०३

CamScanner

मिति २०८३/०६/०५ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

सि.नं.	कर्मचारीको नाम थर	पद, तह	कार्यरत संस्था	आरोप/कसूर
२६.	शान्ति बम्जन	सि.अ.हे.व., पाँचौं	प्रा.स्वा.के., बेलघारी	ऐनको दफा १०३
२७.	ठेडलाल श्रेष्ठ	सि.अ.हे.व., पाँचौं	सां.स्वा.इ., गडाम्रे	ऐनको दफा १०३
२८.	काशी बहादुर रमौली	सि.अ.हे.व., पाँचौं	स्वा.चौ., बालाजोर	ऐनको दफा १०३
२९.	मधु कुमारी ठाकुर	अ.न.मी., चौथो	प्रा.स्वा.के., बेलघारी	ऐनको दफा १०३

निर्णय नं.४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिका भित्र रहेका नदी/खोलाबाट प्राप्त हुने ढुङ्गा, गिट्टी तथा बालुवा लगायतका नदीजन्य पदार्थको व्यवस्थापनका लागि वातावरणीय अध्ययन प्रतिवेदन (IEE) अद्यावधिक कार्य प्रक्रिया अगाडि बढिरहेको हालको अवस्थामा यस गाउँपालिका भित्रका विभिन्न विकास आयोजना, सार्वजनिक निर्माण तथा निजी प्रयोजनको लागि आवश्यक नदीजन्य पदार्थको आपूर्ति सहज बनाउन, प्रचलित कानून तथा स्वीकृत IEE को सीमा, स्वीकृत परिमाण र तोकिएको शर्तको अधीनमा रही प्राविधिक शाखाबाट स्थलगत जाँच, आवश्यक परिमाण एकीन तथा प्रमाणीकरण गराई प्रचलित दरबमोजिम राजस्व दाखिला भएपछि नियमानुसार नदीजन्य पदार्थ सङ्कलन तथा निकासीका लागि आवश्यक व्यवस्था मिलाउने र सो उत्खनन् तथा सङ्कलन कार्यको अवधि मिति २०८३ असोज २० गतेसम्म रहने साथै सम्बन्धित वडा क्षेत्र भित्रका उत्खनन् तथा सङ्कलन कार्यका लागि सम्बन्धित वडाका वडाध्यक्षको संयोजकत्वमा वडा समितिले वडा प्राविधिक सहितको अनुगमन समितिको निगरानी र समन्वय तथा उपाध्यक्षको संयोजकत्वमा गाउँपालिकास्तरीय देहायबमोजिमका ५ सदस्यीय अनुगमन समिति रहने गरी सर्वसहमतबाट निर्णय पारित गरियो।

देहाय

क) गाउँपालिका उपाध्यक्ष - संयोजक

ख) सम्बन्धित वडाका वडाध्यक्ष - सदस्य

ग) पूर्वाधार शाखा प्रमुख - सदस्य

घ) स्थानीय प्रहरी प्रमुख - सदस्य

ङ) राजस्व शाखा प्रमुख - सदस्य

निर्णय नं.५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा देहाय बमोजिम मापदण्ड पारित गर्ने निर्णय सर्वसहमतबाट गरियो।

देहाय

(क) कर्मचारी पदस्थापन, सरुवा तथा कामकाजमा खटाउने सम्बन्धी मापदण्ड, २०८३

CamScanner

निर्णय नं.६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा मिति २०८३/०६/०५ गते यस गाउँ कार्यपालिकामा बसेको विकास साझेदार संस्थासँगको बैठकको निर्णयानुसार बालमैत्री तथा पोषणमैत्री स्थानीय शासन कार्यान्वयनको लागि साझेदार संस्थाको कार्यक्षेत्रको सीमाहदको कारण बाल प्रोफाइल, पोषण प्रोफाइल, पोषण स्थितिपत्र लगायतका प्रकाशन गर्नुपर्ने कार्य गाउँपालिकाले बजेट संशोधन/व्यवस्था गरी सेवा परामर्शबाट गर्ने तथा बालमैत्री/पोषणमैत्री स्थानीय शासनको सूचकगत कार्य गरी प्रगति हासिल गर्ने कार्य विकास साझेदार संस्थाको आ-आफ्नो कार्यक्षेत्र बमोजिम गर्ने गराउने निर्णय सर्वसहमतबाट गरियो।

निर्णय नं.७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिकाद्वारा सञ्चालित सुरक्षित आप्रवासन (सामी) सम्बन्धी कार्यक्रममा हाल वित्तीय साक्षरता सहजकर्ता र मनोसामाजिक परामर्शकर्ता कार्यरत रहेकोमा कार्यक्रमको पूर्ण सफलताको लागि रिटर्नी स्वयंसेवक (१ महिला र १ पुरुष गरी जम्मा २ जना) लाई निरन्तरता दिने निर्णय सर्वसहमतबाट गरियो।

निर्णय नं.८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व.२०८३/०८४ को संघीय सशर्त अनुदान अन्तर्गत बहुक्षेत्रीय पोषण कार्यक्रमको सुनौला हजार दिनको विपन्न महिलाहरूको पोषण सुधारका लागि आयआर्जन अनुदान प्रदान शीर्षकको रु.६,५०,०००/- (छ लाख पचास हजार) बजेट कार्यान्वयनको लागि वडा नं. ९ लाई छनौट गर्ने निर्णय सर्वसहमतबाट गरियो।

निर्णय नं.९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास, महोत्तरीको प.सं.ले.प.४२४/C-०१००९९/२०८३/०८४, च.नं.७३२/BDS-८३८४-१०३२०, मिति २०८३/०५/१५ गतेको छानबिन तथा आवश्यक कारबाही गर्ने विषयको पत्रानुसार यस गाउँपालिकाको वडा नं. ६ स्थित श्री चम्पादेवी मा.वि. घ्याम्पा गडाम्रेको छानबिन गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिम कार्यशर्त रहने गरी देहाय बमोजिम समिति गठन गर्ने निर्णय सर्वसहमतबाट गरियो।

देहाय

(क) श्री जीतेन्द्र गिरी, वरिष्ठ शाखा अधिकृत, आठौं - संयोजक

(ख) श्री अरुण रूपाखेती, वरिष्ठ लेखा सहायक, सहायकस्तर पाँचौं - सदस्य

(ग) श्री वासुदेव मस्राङ्गी, शिक्षा अधिकृत, अधिकृतस्तर सातौं - सदस्य-सचिव

कार्यशर्त

(क) समितिले १ (एक) महिनाभित्र छानबिन गरी प्राप्त निष्कर्ष सहितको प्रतिवेदन पेश गर्नुपर्ने।

(ख) छानबिनको क्रममा समितिले विद्यालयको सबै कागजातमा पहुँच पाउने।

(ग) समितिले मागेको कागजात उपलब्ध गराउनु सम्बन्धित विद्यालयको कर्तव्य हुने।

CamScanner

(घ) अन्य कार्यशर्तहरू प्रचलित कानून बमोजिम हुने।

निर्णय नं.१०

प्रस्ताव नं. १० विविध प्रस्ताव माथि छलफल गर्दा देहाय बमोजिम निर्णयहरू सर्वसहमतबाट पारित गरियो:

(क) यस गाउँपालिकाको वडा नं. ९ का वडा सदस्य श्री राम वहादुर लुंगेलीको कलेजोमा समस्या भई अस्पतालमा उपचाररत हुनु भएकोले निजलाई आर्थिक सहायता बापत रु.२५,०००/- (पच्चीस हजार) उपलब्ध गराउने।

(ख) यस गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा र हाम्रो प्रयास नेपालको सहजीकरणमा सञ्चालित कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यशीलता विकास परियोजना अन्तर्गत कृषि तथा पशु उपज सङ्कलन केन्द्र भवन निर्माण गर्नको लागि यस गाउँपालिका वडा नं.२ स्थित यस गाउँपालिकाको नाममा दर्ता कायम रहेको साविक पाटनदेवी गाविस. वडा नं. ३/ख कि.नं. १४९६ क्षेत्रफल ०-३-५-० को जग्गामा रु.९,४७,५००/- लागत अनुमान बराबरको भवन निर्माण गर्ने निर्णय गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

CamScanner